नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १८६ २०७९ साल फागुन १० गते बुधबार (22 Feb. 2023 Wednesday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : सम्पत्ति शुद्धीकरणसँग जोडिएका... ३ पृष्ठमा : फुसको छानो विस्थापित... ३ पृष्ठमा : धातु उत्पादन कारखानामा...

## मैसापद्वारा मन्त्रि तथा प्रदेशसभा सदस्यसहित सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

मैथिली साहित्य परिषद् तथा मैथिल महिला परिषद् सप्तरीले मैथिली भाषा, कला, साहित्य, अनुसन्धान र संस्कृतीको संरक्षण सम्वर्द्धनमा योगदान दिने सात जनालाई सम्मान गरेको छ ।

अन्तर्राष्ट्रिय मातृ भाषा दिवसको अवसर पारेर मंगलबार संयुक्त रुपमा आयोजित बहुभाषिक शिक्षा, शिक्षामा परिवर्तनको आवश्यकता तथा मातृ भाषामा अनिवार्य शिक्षा विषयक विचार गोष्ठी तथा सम्मान कार्यक्रममा मधेश प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा बाणिज्य मन्त्रि महेश प्रसाद यादव, प्रदेशसभा सदस्य मनिष सुमन, किरणकुमारी साह, माला कर्ण, गोबिन्द न्यौपाने र सतिशकुमार सिंह सम्मानित भएका हुन् ।

यस्तै मैथिली भाषाका समकालिन अवस्था नामक पुस्तकका रचियता एवं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका नवनियुक्त सदस्य सूर्यप्रसाद यादव पनि सम्मानित भएका छन् । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मधेश प्रदेशका शिक्षा, विज्ञान, प्रविधि तथा बाणिज्य मन्त्रि यादवले कदरपत्र, दोसल्ला र मिथिला पाग लगाएर सम्मानित गरे ।

प्रमुख अतिथि मन्त्रि यादवलाई भने आयोजक मैथिली साहित्य परिषद्का अध्यक्ष सतिश कुमार दत्तले सम्मानित गरेका थिए ।

सम्मानित हुनेहरुमा प्रदेशसभा सदस्य किरण कुमारी साह, माला कर्ण, सतिश कुमार सिंह र मनिष सुमनले प्रदेशसभामा सपथ लिँदा मैथिली भाषाको प्रयोग गरेका थिए । यस्तै मन्त्रि यादव, प्राज्ञ सुर्यप्रसाद यादव र गोबिन्द न्यौपानेले मैथिली भाषा, साहित्य र कला जगेर्नाका लागि योगदान दिँदै आएकाले सम्मान गरिएको परिषद्का अध्यक्ष दत्तले बताए ।

कार्यक्रमका सहभागि अधिकांश वक्ताले मैथिली भाषा, कला, साहित्य र संस्कृतीको जगेर्नाका लागि आ-आफ्नो क्षेत्रबाट हरसम्भव पहल र सहयोग गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा सम्मानित व्यक्तित्वहरुका साथै मैथिलीकर्मी देबेन्द्र मिश्र, मिना ठाकुर, श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवण देवलगायतले पनि बोल्दै मातृ भाषा विशिष्ट गहना भएकाले यसको संरक्षण र सम्वर्द्धनका लागि सबै मिलेर काम गर्नुपर्नेमा जोड दिए ।

## बालविवाह गर्न खोजे कानुनी कारबाही गरिने वडा अध्यक्षको चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ को. बर्साइनका वडा अध्यक्षललन प्रसाद राउतले बालविवाह गर्न लागेको थाहा पाएमा कानुनी कारबाही गरिने चेतावनी दिएका छन् ।

वडा अध्यक्ष राउतले बालविवाह गरे कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने चेतावनी दिदै बालविवाह गर्न लागेको थाहा पाएमा स्थानीय प्रशासनमार्फत कारबाहीको प्रक्रिया समेत अगाडि बढाउने चेतावनी दिएका हुन् ।

बालविवाह तथा महिला हिंसा अन्त्यका लागि सञ्चालन गरिने अभियान अन्तर्गत मंगलबार बालबालिकाको सहभागितामा सचेतनामूलक ऱ्याली प्रदर्शन गर्दै उनले बालविवाहका कारण बालबालिकाको भविष्य बिग्रिदै गएकोमा बालविवाह अन्त्य गरिनु प्रमुख आवश्यकता रहेको बताए ।

वडा समितिले माघ २५ गते बैठकबसी बालविवाह अन्त्यका लागि अभियान सञ्चालन गर्ने निर्णय गरेको वडा अध्यक्ष राउतले जानकारी दिए ।

## सडक दुर्घटनामा दुई बालिकासहित चार जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको छुट्टाछुट्टै स्थानमा मंगलबार भएको सडक दुर्घटनामा दुई बालिकासहित चार जना घाइते भएका छन् ।

जिल्लाको महदेवा गाउँपालिका १ बल्थि मुसहरी टोलस्थित ग्रामिन सडकमा मोटरसाइकलको ठक्करबाट स्थानिय अजय सदाकी ३ वर्षिया छोरी राग्नि सदा घाइते भएकी छिन् ।

बाटो काट्ने क्रममा उत्तर दिशाबाट दक्षिण पकरीतर्फ आउदै गरेको स८प ८२८६ नं.को मोटरसाइकलले उनलाई ठक्कर दिएको थियो । ठक्करबाट घाईते भएकी सदालाई उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा भर्ना गरिएको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै रुपनी गाउँपालिका १ रुपनी राजविराज सडक खण्डमा विंगरले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक प्रहरी हवलदार घाइते भएका छन् ।

राजविराजबाट रुपनी तर्फ आउदै गरेको स१ज६०४ न.को विंङ्गरले विपरित दिशाबाट आउँदै गरेको स.६प.५७२१ न. को मोटरसाइकललाई ठक्कर दिदाँ राजविराज १६ बोरिया निवासी देवनारायण यादव घाइते भएका छन् । यादव ईलाका प्रहरी कार्यालय कवि दरबार बारामा प्रहरी हवल्दार पदमा कार्यरत छन् ।

घाईते यादवलाई उपचारका लागी युनिक अस्पाताल रुपनीपछि थप उपचारका लागी बिराटनगरस्थित अस्पतालमा उपचारका लागि लगिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि जिल्लाकै कंचनरुप नगरपालिका ११ गोरपारस्थित भित्री सडक खण्डमा मोटरसाइकलले ३ वर्षिया बालिकालाई ठक्कर दिएको छ । बाटोमा खेलिरहेको अवस्थामा मोटरसाइकलले ठक्कर दिँदा स्थानिय सलेन्द्र सरदारकी ३ वर्षिया छोरी अनुराधा कुमारी सरदार घाइते भएकी हुन् । घाइते भएकी बालिकालाई थप उपचारका लागी बिराटनगर लगिएको प्रहरीले जनाएको छ ।

यसैगरि राजविराज वडा नं. १० खाडो पुलस्थित लोहजराबाट राजविराज तर्फ जादै गरेको स.१ ह.३७९० न.को अटो आफै अनिन्त्रित भई दुर्घटना भएको छ ।

सो दुर्घटनामा अटोमा सवार तीन व्यक्ति घाइते भएको तथा उनीहरु सबैको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ ।

प्रहरीले चार वटै दुर्घटनामा प्रयोग भएको सवारीसाधन र चालकलाई नियन्त्रणमा लिई घट्नाको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## अवैध सरसामानसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

जिल्लाको छुट्टाछुट्टै स्थानबाट भन्सार छलेर ल्याइएका अवैध सरसामानसहित, दुई मोटरसाइकल र एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिंहका अनुसार सोमबार राती डाक्नेश्वर नगरपालिका १० स्थित सडक खण्डमा स९प९४२६ नम्बरको मोटरसाइकलमा

***बाँकी अन्तिम पृष्ठमा***

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# सम्पत्ति शुद्धीकरणसँग जोडिएका कुन कानुनमा कस्तो संशोधन हुँदैछ ?

काठमाडौँ, ९ फागुन (रासस) ।

'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' अघिल्लो हप्ता संसद्मा दर्ता भएको छ । प्रतिनिधि सभामा दर्ता भएको यो विधेयकमार्फत् विभिन्न बीस वटा कानुन संशोधन गर्न लागिएको छ ।

यो विधेयकमार्फत् मुख्यगरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ मा संशोधन गर्न लागिएको छ । सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित क्रियाकलाप बारे जानकारी लिने र त्यसको विश्लेषण गर्ने छुट्टै स्वायत्त निकाय स्थापना गर्ने विषय विधेयकमा राखिएको छ । "सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी वा सम्बद्ध कसुरको शङ्कास्पद कारोबारसम्बन्धी प्रतिवेदन वा सूचना प्राप्त गर्न, सोको विश्लेषण गर्न तथा विश्लेषणको निष्कर्ष प्रवाह गर्न स्वायत्त निकायको रूपमा वित्तीय जानकारी इकाइ रहनेछ ।" विधेयकमा भनिएको ।

हाल नेपाल राष्ट्र बैंकको एउटा महाशाखाले वित्तीय जानकारी इकाइको रूपमा काम गरिरहेको छ । स्वायत्त संस्थाका रूपमा वित्तीय जानकारी इकाई बनाउन सकिने र त्यसका शाखासमेत खोल्न सकिने गरी कानुन संशोधन हुँदैछ ।

कुनै व्यक्तिले आफूले आर्जन गरेको सम्पत्तिको स्रोत खुलाउन नसकेमा त्यस्तो सम्पत्तिको कर तिरेर त्यसलाई वैध बनाउन सकिने व्यवस्था पनि विधेयकमा राखिएको छ । "सम्पत्तिको स्रोत खुलाउन नसकेको र अनुसन्धान गरिएको व्यक्ति उपरसम्बन्धी कसुर वा सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चल्ने अवस्था नदेखिएको अवस्थामा सोको अभिलेख राखी स्रोत खुलाउन नसकेको सम्पत्तिको हदसम्म कर निर्धारण तथा असुलीका लागि आन्तरिक राजस्व विभागमा लेखी पठाउनुपर्नेछ", विधेयकमा भनिएको छ । आन्तरिक राजस्व विभागले करसम्बन्धी कसुर गरे वा नगरेको यकिन गर्नेछ । कर छली गरेको नपाइएमा त्यस्तो व्यक्तिको सम्पत्तिलाई चालु आर्थिक वर्षको आय मानी कर निर्धारण गर्नुपर्नेछ ।

त्यस्तै, विद्युतीय र डिजिटल माध्यमबाट हुने सम्पत्ति शुद्धीकरणको विषयलाई पनि कानूनी दायराभित्र ल्याउन सकिने गरी ऐन संशोधन गर्न लागिएको छ । बैंक तथा वित्तीय क्षेत्र, सहकारी र पुँजीबजारसँग जोडिएका कानुनमा केही महत्वपूर्ण संशोधनसहित विधेयक तयार पारिएको छ । यो विधेयकमार्फत नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरी बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ ।

"रु पच्चीस करोड भन्दा बढी शेयर पुँजी भएका वा वार्षिक ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानुनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ", विधेयकमा भनिएको छ । बचत तथा ऋणको कारोबार गर्ने सहकारीको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि निर्देशन एवम् मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ ।

यो विधेयकमार्फत् सहकारी ऐन, २०७४ पनि संशोधन हुँदैछ । सहकारी संस्थाको नियमनका लागि नेपाल राष्ट्र बैंक, सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको क्षेत्राधिकार पनि तोक्नेगरी कानुन बनाउन लागिएको छ । "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ", सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा भनिएको छ ।

सहकारी संस्थाको कारोबार रकमका आधारमा सङ्घ, प्रदेश र स्थानीय तहको नियामकीय अधिकार तोक्न लागिएको छ । विधेयकमा भएको व्यवस्थाअनुसार स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोडसम्मको कारोबार गर्ने सहकारीको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । तर, स्थानीय तहमा दर्ता भई वार्षिक रू २५ करोड भन्दा बढी र रू ५० करोड सम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन भने प्रदेश सरकारबाट गर्ने व्यवस्था गर्न लागिएको छ । स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रू ५० करोड भन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्ने गरी कानुन संशोधन गर्न लागिएको छ ।

धितोपत्रसम्बन्धी ऐन, २०६३ संशोधनका लागि पनि यो विधेयकमार्फत् प्रस्ताव गरिएको छ । धितोपत्रको कारोबारसँग सम्बन्धित कसुरको अनुसन्धान र कारबाहीका लागि ऐन संशोधनमार्फत् केही महत्वपूर्ण व्यवस्था थप्न लागिएको छ । "कुनै व्यक्तिले धितोपत्रको कारोबारसँग सम्बन्धित कसुर गरेको भन्ने जानकारीको व्यहोरा बोर्डलाई प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्ने लागेमा धितोपत्र बोर्डको अध्यक्षले तत्काल अधिकृतस्तरको कर्मचारीमार्फत् त्यस्तो उजुरीको प्रारम्भिक जाँचबुझ गराउनुपर्नेछ", प्रस्तावित विधेयकमा भनिएको छ ।

धितोपत्रको शङ्कास्पद कारोबारबारे धितोपत्र बोर्डले अनुसन्धान गर्न नसकेमा प्रहरीमार्फत् गराउने व्यवस्था पनि विधेयकमा राखिएको छ । "उजुरीबारे बोर्डबाट तोकिएको अवधिभित्र कुनै निर्णय नभएमा प्रहरी प्रधान कार्यालयले कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकी कसुरको अनुसन्धान गराउनुपर्नेछ", विधेयकमा भनिएको छ ।

निकासी पैठारी (नियन्त्रण) ऐनमा संशोधन गरेर 'व्यापार पारदर्शीता इकाई' गठनको व्यवस्था राख्न लागिएको छ । यस्तो इकाइको व्यापारमा पारदर्शीता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने मुख्य काम रहनेछ । मालपोत ऐनमा संशोधन गरेर घरजग्गासम्बन्धी कारोबार गर्न इजाजत लिनुपर्ने व्यवस्था राख्न विधेयकमा प्रस्ताव गरिएको छ । "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा इजाजत लिनुपर्नेछ", विधेयकमा भनिएको छ ।

त्यस्तै, पर्यटन ऐनमा क्यासिनोसँग सम्बन्धित व्यवस्था संशोधन गर्न लागिएको छ । नेपाल राष्ट्र बैंक ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र ल्याउन लागिएको छ ।

**कुन कुन ऐन संशोधन हुँदैछन् ?**

प्रतिनिधिसभामा दर्ता भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' मार्फत् निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ । त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्पारिक कानुनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ । मुलुकी अपराधसंहिता २०७४ र मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ मा पनि विधेयकमार्फत् संशोधनको प्रस्ताव गरिएको छ ।

## साझा प्रकाशनका महाप्रबन्धक पोखरेलको राजीनामा स्वीकृत

काठमाडौँ, ९ फागुन (रासस) ।

साझा प्रकाशन सहकारी संस्था लिमिटेडको सञ्चालक समितिले महाप्रबन्धक प्रल्हाद पोखरेलको राजीनामा स्वीकृत गरेको छ । दुईवर्षे कार्यकालका लागि नियुक्त पोखरेलले छ महिना समय बाँकी हुँदा तीन साताअघि पदबाट राजीनामा दिनुभएको थियो ।

गोर्खा भाषा प्रकाशिनी समिति हुँदै नेपाली भाषा प्रकाशिनी समितिको उत्तराधिकार पुरानो सो संस्थाको आर्थिक दुरावस्था सुधार्न थालिएका प्रयास पर्याप्त नभएको स्वीकार्दै महाप्रबन्धक पोखरेलले राजीनमा दिनुभएको थियो । सञ्चालक समितिका अध्यक्ष डा विजय सुब्बाले महाप्रबन्धक पोखरेलको राजीनामा हालैको बैठकले स्वीकृत गरेको र नयाँ कार्यविधि बनाएर अर्को महाप्रबन्धक नियुक्ति प्रक्रिया सुरु गरिने बताउनुभयो ।

हाल सो संस्थामा रु ५० करोड नेपाल सरकारको ऋण रहेकामा उक्त ऋणलाई शेयरमा परिणत गरिएको छ भने विगत र वर्तमानका कर्मचारीको तलब सुविधालगायत भुक्तानी गर्नुपर्ने दायित्व करिब रु १२ करोड रहेको छ । अध्यक्ष डा सुब्बाले सञ्चालक समितिले नीतिगत र संस्थालाई काममा परेको असुविधा फुकाउने गरेको र मुख्य काम गर्ने जिम्मेवारी महाप्रबन्धक र कर्मचारीको भएको प्रतिक्रिया दिनुभयो । "विगतका सञ्चालक समितिका कारण संस्था डुब्दै गयो । नेपाल सरकारले पाठ्यपुस्तक वितरणको जिम्मेवारी खोस्यो । कम्तीमा कक्षा ११ र १२ को पाठ्यपुस्तकको उत्पादन र वितरणको जिम्मा मात्रै दिइएको भए संस्थाले घाटा पूर्ति गर्दै जान्थ्यो ।

पोखरेलले संस्थाले चाहेअनुसारको गति लिने वातावरण नभएको र सुधारका काम थालनी भए पनि त्यसले मात्रै थेग्न नसकिएकाले आफैसँग असन्तुष्ट हुँदै राजीनामा दिएको बताउनुभयो । पछिल्लो समयमा नौ वर्षदेखिको लेखा परीक्षण हुन थालेको र सम्बन्धित लेखकहरूले पाँच सयप्रति पुस्तक खरिद गर्ने गरी सहकार्य सुरु भएको उहाँको भनाइ छ ।

सो प्रकाशनको सञ्चालक समितिको अध्यक्ष र तीन सदस्य शेयर सदस्यमध्येबाट निर्वाचित हुन्छन् भने भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिवहरू पदेन सदस्य, राष्ट्रिय सहकारी विकास बोर्डका प्रतिनिधि र एकजना विज्ञ सदस्य रहेका छन् ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## प्रधानन्यायाधीश नियुक्ति चाँडो टुङ्ग्याउन नेपाल बारको माग

काठमाडौँ, ९ फागुन (रासस) ।

कानुन व्यवसायीहरूको छाता सङ्गठन नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीशको नियुक्ति चाँडो टुङ्ग्याउन माग गरेको छ । एसोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरे नेतृत्वको टोलीले मंगलबार बालुवाटारमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर अविलम्ब प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्न माग गरेको हो ।

सर्वोच्च अदालतमा प्रधानन्यायाधीश र अन्य न्यायाधीश खाली हुँदा न्याय सम्पादनमा असर परेकाले यसलाई चाँडो टुङ्ग्याउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको अध्यक्ष घिमिरेले बताउनुभयो ।

सरकारले प्रधानन्यायाधीश र न्यायाधीश नियुक्तिलाई विशेषरूपमा लिनुपर्ने उहाँको भनाइ थियो । अध्यक्ष घिमिरेले लामो समयदेखि कायममुकायमको भरमा

*बाँकी तीन पृष्ठमा*

# फुसको छानो विस्थापित गर्ने अभियान

वीरगञ्ज, ९ फागुन (रासस)।

फुसको छानो हटाउने अभियानअन्तर्गत पछिल्लो एक वर्षको अवधिमा मधेस प्रदेशका तीन जिल्लामा जस्तापातासहितको एक हजार ४७ सुरक्षित घर बनाइएको छ।

फुसको छानाका कारण हावाहुरीको समयमा अत्यधिक आगलागीका घटना हुदाँ ठूलो धनजनको क्षति हुने र बर्सेनि परालले छानो हाल्नुपर्ने समस्यालाई दृष्टिगत गरी सरकारले तराई मधेसका जिल्लामा फुसको छानो विस्थापित गर्ने योजना सञ्चालन गरेको हो। सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा रौतहट, बारा र पर्साका विभिन्न बस्तीमा रहेका एक हजार ४७ घरबाट फुसको छानोलाई विस्थापित गरी जस्तापातासहितको सुरक्षित घर बनाइएको हो।

विभिन्न चुनौतीहरूको बाबजुद रौतहटमा एक सय नौवटा, बारामा दुई ५४ र पर्सामा छ सय ८४ गरी एक हजार ४७ घरबाट फुसको छानो विस्थापित गरी जस्तापाताको छानो हालेर सुरक्षित आवास बनाइएको सघन सहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साका प्रमुख झपटबहादुर थापाले जानकारी दिनुभयो।

यस्तै बारामा दुई ४३ वटा र पर्सामा तीन सय ४१ घरबाट फुसको छानो विस्थापित गर्ने कार्य अन्तिम चरणमा पुगेको र छिट्टै नै सम्पन्न गरी हस्तान्तरण गरिने प्रमुख थापाको भनाइ छ। उहाँका अनुसार रौतहटमा तीन हजार नौ सय ५७, बारामा तीन हजार चार सय २१ र पर्सामा तीन हजार आठ सय ५१ गरी ११ हजार दुई सय २९ घरबाट फुसको छानो हटाउने स्वीकृत भएकामा हालसम्म रौतहटमा तीन हजार दुई सय २०, बारामा दुई हजार छ सय २२ र पर्सामा तीन हजार छ सय ४७ गरी नौ हजार चार सय ८९ आवासको सम्झौता भई काम भइरहेको छ।

सम्झौता भएकामध्ये रौतहटमा दुई सय १५, बारामा एक हजार पाँच र पर्सामा एक हजार आठ सय १६ गरी तीन हजार ३६ वटा आवासका लागि पहिलो किस्ता निकासा दिएको प्रमुख थापाले बताउनुभयो। बर्सेनि हुने आगलागी र छानो चुहिने समस्याको दिगो समाधानका लागि जस्तापातासहितको सुरक्षित घर बनाउँदै आएको प्रमुख थापाको भनाइ छ।


"प्रत्येक घरका लागि रु ५० हजार रकम छुटयाइएको छ", प्रमुख थापाले भन्नुभयो, "लक्षित परिवारलाई घरमा जस्तापाता हाल्न पहिलो किस्तामा रु ३० हजार दिने र तोकिएको मापदण्डअनुसार जस्तापाता हालेर भवन बनाउनेलाई थप रु २० हजार निकास दिने व्यवस्था छ।" सो कार्यक्रममा कुनै खास लक्षित वर्ग वा जात विशेषलाई नभई फुसको छानो भएका सबै परिवारलाई समेटिएको प्रमुख थापाको कथन छ।

"तराई मधेसका जिल्लामा अझै फुसको छानो लगाउने गरिएको छ", रौतहटको गरुडाका श्याम साहले भन्नुभयो, "जसका कारण बर्सेनि आगलागीको घटना हुने गरेका छन्, त्यसैले फुसको छानो हटाउनु जरुरी छ।" फुसको छानो हटाउन सकिए बर्सेनि हुने आगलागीको घटनामा कमी आउने उहाँले बताउनुभयो।

**प्रधानन्यायाधीश ...**

सर्वोच्च अदालत चलिरहेकाले तत्काल प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्न प्रधानमन्त्रीसमक्ष माग गरिएको बताउनुभयो। प्रधानमन्त्री संवैधानिक परिषद्को अध्यक्ष रहने संवैधानिक व्यवस्था छ।

विसं २०७८ फागुन १ गतेदेखि हालसम्म सर्वोच्च अदालतमा कामु प्रधानन्यायाधीश हुनुहुन्छ। भेटमा अध्यक्ष घिमिरेसहित महासचिव अञ्जिता खनाल, बागमती प्रदेश उपाध्यक्ष हर्क रावल, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीलगायत सहभागी हुनुहुन्थ्यो।


राजविराज नगरपालिका
४ नं. वडाको कार्यालय
राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : ०७९।०८०
च.नं. ४६९
मिति २०७९।११।८

विषय : सुचना प्रकाशित गरि दिने सम्बन्धमा।

श्री राजबिराज दैनिक
राष्ट्रिय दैनिक पत्रिका

उपरोक्त सम्बन्धमा जि. धनुषा जनकपुर वडा नं. [illegible] हाल जि. स. रा. बि. न. पा. वडा नं. ३ परिवर्तित वडा नं. ४ बस्ने बबलु खाँले मेरो बुबा मो. कमरुद्दिन खाँको कालगतिले मिति २०७८।९।५ गते र आमा कमरेज खाँ २०७८।१०।११ मा मृत्यु भएकोले मृतक पिताको नाउँमा दर्ता रहेको रा. बि. न. पा. वडा नं. ३ परिवर्तित वडा नं. ४ को ब्लक नं. ७ सा. कि. नं. १६० को ०-०-१०½ र ब्लक नं. [illegible] सा. कि. नं. १६१ को ०-०-९½ जग्गा कायम रहेकोमा मृतक बाबु र आमाको शेष पछी हक अपुताली खाने सबै भन्दा नजिकको हकदार हामी पाँच दाजु भाइहरु जेठो मो. तहमस खाँ माइला कमरे आलम खाँ साइला मंजुर आलम खाँ काइला म निवेदक बबलु खाँ र कान्छा मोहम्मद अैयुव खाँन भए भएकोले मृतक बाबु मोहम्मद कमरुद्दिनको नाउँमा दर्ता रहेको उपरोक्त उल्लेखित जग्गा हामी पाँचै दाजु भाईको संयुक्त नामसारी गरि पाउन सर्जमिन साथ मालपोत कार्यालय- सप्तरी- राजबिराजको नाउँ सिफारिस गरी पाउँ भनि द. नं. ४४९ को निवेदन दिनु भएकोले सो जग्गामा कुनै कसैको दावी विरोध हुने भए यो सुचनाको म्याद भित्र स-प्रमाण साथ उपस्थित हुन आउन को लागी यो ३५ दिने सुचना प्रकाशित गरि दिनहुन। सिफारिस साथ अनुरोध छ।

२०७९।११।८
ओम प्रकाश [illegible]
वडा सचिव
राजविराज नगरपालिका
वडा नं. ४

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सैं घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी

# विश्व समाचार

## धातु उत्पादन कारखानामा विस्फोट

वासिङ्टन, ९ फागुन (रासस/सिन्ह्वा)।

अमेरिकी धातु उत्पादन कारखानामा विस्फोट हुँदा एक जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन्।

संयुक्त राज्य अमेरिकाको ओहायो राज्यको बेडफोर्डमा सोमबार भएको विस्फोटमा एक जनाको मृत्यु भएको तथा १३ जना घाइते भएका सरकारी अधिकारीले पुष्टि गरेका छन्।

तामा मिश्रित धातु उत्पादन गर्ने सुम्यान एण्ड कम्पनीमा उक्त विष्फोट भएको हो। विष्फोटमा घााइते भएका सबैलाई अस्पताल लगिएको अग्नि अधिकारीहरूले बताएका छन्।

विस्फोटको कारण पत्ता लगाउन अनुसन्धान भइरहेको उनीहरूले जनाएका छन्। सुम्यानको भौतिक संरचनामा व्यापक क्षति भएको छ। विष्फोटपछि बेडफोर्ड वरपरको वायुमण्डल प्रदुषित भएको थियो। उक्त क्षेत्रका धेरै स्थानीयले त्यसबारे गुनासो गरेका थिए।

## टर्कीएमा पुनःशक्तिशाली भूकम्प, ६ जनाको मृत्यु

एन्टाक्या, ९ फागुन (रासस/एएफपी)।

टर्कीएमा पुनःशक्तिशाली भूकम्प भएको छ। दक्षिणी शहर एन्टाक्यालाई केन्द्रविदुन बनाएर सोमबार भएको छ दशमलव चार म्याग्निच्युडको भूकम्पमा परी छ जनाको मृत्यु भएको छ। भूकम्पको धक्का सिरिया, लेबनान र इजिप्टमा पनि महसुस गरिएको थियो।

सोमबारको भूकम्प १० किलोमिटर गहिराइमा भएको युरोपेली भूमध्यसागरीय भूकम्प विज्ञान केन्द्रले जनाएको छ। गत माघ २३ गते टर्कीएको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर भएको सात दशमलव आठ म्याग्निच्युडको भूकम्पमा परी टर्कीए र छिमेकी सिरियामा ४७ हजारभन्दा बढीको मृत्यु भएको छभने हजारौं घाइते भएका छन्।

टर्कीएका गृहमन्त्री सुलेमान सोयलुले सोमबारको भूकम्पमा परी घाइते भएका दुई सय १३ जनालाई अस्पताल भर्ना गरिएको बताउनुभएको छ। सिरियामा एक सय ३० जना घाइते भएका तथा अघिल्लो भूकम्पबाट जीर्ण भएका केही भवन पूर्ण रूपमा भत्किएका छन्।

## रेलको ठक्करबाट दुई जनाको मृत्यु, तीन घाइते

लस एन्जलस, ९ फागुन (रासस/सिन्ह्वा)।

क्यालिफोर्नियाको लस एन्जलसमा तीव्र गतिमा गन्तव्यतर्फ गइरहेको रेलले एउटा गाडीलाई सोमबार साँझ ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन्।

अलमेडा क्षेत्रमा मेट्रोलाइन ट्रेनले गाडीलाई ठक्कर दिँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको लस एन्जलस वारुणयन्त्र कार्यालयले जनाएको छ। घाइते भएका तीन जनालाई अस्पताल भर्ना गरिएको छ। दुर्घटनापछि रेलमा यात्रारत एक सय २५ सकुशल रेलबाट ओर्लिएर आफ्नो गन्तव्यतर्फ गएका छन्। दुर्घटनाको अनुसन्धान भइरहेको छ।

## कम्बोडियाद्वारा शान्ति सेनामा नयाँ फौज परिचालन

नोमपेन, ९ फागुन (रासस/सिन्ह्वा)।

कम्बोडियाले सेन्ट्ल अफ्रिकन रिपब्लिक (सीएआर) मा ९८ शान्ति सैनिकको नयाँ फौज पठाएको छ। युद्धग्रस्त सीएआरमा शान्ति स्थापना गर्ने संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा १० महिलासहित ९८ शान्ति सैनिकको नयाँ समूह पठाइएको सरकारी अधिकारीहरूले बताएका छन्।

सैनिकहरूको बिदाइ समारोहमा बोल्दै नेशनल सेन्टर फर पिसकिपिङ फोर्सका महानिर्देशक जनरल सेम सोभानीले सीएआरमा सेनाले एक वर्षको कार्यादेश पूरा गरेको तथा नयाँ फौजले आठौं समूहलाई प्रतिस्थापन गर्ने बताउनुभयो। सीएआरमा देशको फौज परिचालनले द्वन्द्वग्रस्त देशहरूमा शान्ति र स्थिरता कायम गर्न कम्बोडियाको निरन्तर योगदानमा संयुक्त राष्ट्रसङ्घप्रतिको विश्वासलाई झल्काएको उहाँले बताउनुभयो। उहाँले कम्बोडियाली शान्ति सैनिकले वारुदी सुरुङ र विस्फोटक हतियार व्यवस्थापनमा काम गर्ने जानकारी पनि दिनुभयो।

दक्षिणपूर्वी एसियाली राष्ट्र कम्बोडियाले पहिलो पटक सन् २००६ मा राष्ट्रसङ्घीय शान्ति सेनामा आफ्नो फौज पठाएको थियो। कम्बोडियाले हालसम्म लेबनान, माली, साइप्रस र यमन सुडान, दक्षिण सुडान, सिरियामा मिसनमा छ सय ८१ महिलासहित आठ हजार आठ सय ५९ शान्ति सैनिक परिचालन गरेको छ।

कम्बोडियाका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय संयोजक जोसेफ स्च्युरले विश्व शान्ति र सुरक्षामा योगदान गर्न कम्बोडियासहित अन्य देशले फौज परिचालन गरेकामा ती देशप्रति आभार व्यक्त गर्दै शान्ति सेनाको साहस र समर्पणको प्रशंसा गर्नुभयो। उहाँले विष्फोट पदार्थको समुचित व्यवस्थापनमा कम्बोडियाली सेनाको विशेषज्ञता सीएआरमा महत्वपूर्ण हुने बताउनुभयो।

# तीन वडामा महिलाका लागि आर्थिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने



**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको तीन वटा वडामा ग्रामीण महिलाका लागि आर्थिक सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने भएको छ ।

गाउँपालिकाको वडा नं. ३ सकरपुरा, वडा नं. ४ कोइलाडीको चट्टीटोल, कुशहाको मुसहरि टोल र मुखिया टोल तथा वडा नं. ५ को. बर्साइनको बर्साइन, कुशहा, साह पंडित टोल र राय टोलमा उक्त कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले जानकारी दिए ।

तीन वटै वडाका छनौटमा परेका टोलका दलित तथा अतिविपन्न परिवारहरु चयन गरी महिलाहरुका लागि आर्थिक सशक्तिकरणको कार्यक्रम सञ्चालन गरिने अध्यक्ष मण्डलले बताए ।

संयुक्त राष्ट्र संघीय निकायहरु विश्व खाद्य कार्यक्रम, युएनओमन, खाद्य तथा कृषि संगठन र आईएफएडिको सहयोगमा तिलाठी कोइलाडी गाउँपालिकाको तीन वटा वडाका दलित तथा अतिविपन्न परिवारलाई लक्षित गरि कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल तथा वडा अध्यक्षहरु र संयुक्त राष्ट्र संघीय निकायहरु विश्वखाद्य कार्यक्रम, युएनओमन, खाद्यतथा कृषि संगठन र आईएफएडिका प्रतिनिधीहरुको मंगलबार सम्पन्न बैठकबाट कार्यक्रम सञ्चालन गरिने वडाहरु चयन गरिएको कार्यक्रम अधिकृत झाले बताए ।

# मानव बेचबिखन गर्न वीरगञ्ज नाकाको प्रयोग बढ्दो

वीरगञ्ज, ९ फागुन (रासस) ।

पछिल्लो समय पर्साको वीरगञ्जस्थित नाका मानव बेचबिखनका लागि मुख्य 'ट्रान्जिट प्वाइन्ट' बन्न थालेको छ । मानव तस्करले बेचबिखन गर्ने उद्देश्य राखेर आफै विवाह गर्ने वा भारतीय नागरिकसँग विवाह गराईदिनेलगायत प्रलोभनमा पारी बालबालिका, किशोरी तथा महिलालाई उक्त नाका हुँदै भारतका विभिन्न सहरमा पुऱ्याउने गरेको पाइएको छ ।

पर्सामा मानव बेचबिखनको घटनासम्बन्धी पछिल्लो तथ्याङ्कअनुसार पछिल्लो छ महिनाको अवधिमा ७३ जनाको भारतका विभिन्न ठाउँबाट प्रहरीले उद्धार गरी नेपाल फर्काएको छ । चालु आर्थिक वर्ष २०७९/८० को साउनदेखि पुस मसान्तसम्ममा भारतको विभिन्न स्थानबाट ५९ महिला र १४ बालिकाको उद्धार गरिएको प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिनुभयो ।

आव २०७८/७९ मा पर्सा प्रहरीले भारतको विभिन्न सहरबाट एक सय ११ महिला, ४१ बालिका र ३८ बालकको उद्धार गरेको थियो । आव २०७७/७८ मा ८५ महिला, २२ बालिका र एक बालकको उद्धार गरिएको गिरीले बताउनुभयो । आव २०७८/७९ मा एक सय आठ महिला, एक सय ३३ बालिका, ४५ बालक र चार ज्येष्ठ नागरिक पर्साबाट हराएको उजुरी दर्ता भएकामा एक सय पाँच महिला, एक सय आठ बालिका, ४३ बालक र तीन ज्येष्ठ नागरिक फेला परेका प्रहरीले जनाएको छ ।

आव २०७७/७८ मा वीरगञ्ज नाका हुँदै पर्सामा ६५ महिला, ३१ बालक, ९३ बालिका र सात ज्येष्ठ नागरिक हराएका प्रहरीमा उजुरी परेको थियो । तीमध्ये ६१ महिला, २९ बालक, ९० बालिका र सात ज्येष्ठ नागरिक फेला परेका प्रहरीको तथ्याङ्कमा उल्लेख छ ।

बेचबिखनमा परेका बालबालिका, किशोरकिशोरी तथा महिलाको उद्धारमा कठिनाइ हुने गरेको मानव उद्धारमा सक्रिय संरक्षण नेपालका अध्यक्ष वृजमोहन कुश्वाहाले बताउनुभयो । दुवै देशको ऐन प्रभावकारी नभएकाले उद्धारमा कठिनाइ भइरहेको छ", उहाँले भन्नुभयो । संरक्षण नेपालका पारस प्रसादले चालु आवको छ महिनामा ३७ बालक र १८ बालिकाको भारतका विभिन्न सङ्घ संस्था प्रहरीसित समन्वय गरी उद्धार गरिएको जानकारी दिनुभयो ।

भारतको मोतीहारीस्थित जिल्ला बालसंरक्षण कार्यालयकी सहायक निर्देशक ममता झाले बालबालिका, किशोरी तथा महिलालाई विभिन्न बाहाना तथा प्रलोभनमा पारेर भारतका विभिन्न स्थानमा पुऱ्याउने गरिएको पाइएको बताउनुभयो । "उद्धारमा दुवै देशको नीतिनियम तथा ऐन बाधक बन्ने गरेको छ", उहाँले भन्नुभयो ।

# बुद्धिचाल संघमा पुनः साह चयन

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरी जिल्ला बुद्धिचाल संघको अध्यक्षमा पुनः सुरेन्द्र कुमार साह चयन भएका छन् ।

मंगलबार सम्पन्न प्रथम अधिवेशनले साहको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । साह यसअघि पनि संघको तदर्थ समितिका अध्यक्ष थिए ।

यस्तै नेतृत्व चयनका लागि गरिएको सहमतिको प्रयास सफल भएपछि सबै पदमा निर्विरोध कार्यसमिति चयन भएको छ ।

उपाध्यक्षमा राजनारायण चौधरी, सचिव सिंघेश्वर दास र कोषाध्यक्षमा मनोज विश्वकर्मा चुनिएका छन् ।

यसैगरि सदस्यहरुमा बिन्दी चौधरी, सिमरितलाल चौधरी, बिनोद गुप्ता, सचिन चौधरी, कपलेश्वर चौधरी तथा सल्लाहकारमा मोहन चौधरी र महिनारायण चौधरी चयन भएका छन् ।

### *अवैध सरसामानसहित...*

भारतबाट अवैध रुपमा ल्याउँदै गरेको कुखुराहरुसहित सोही नगरपालिका ३ बस्ने शनिकुमार सदाय पक्राउ परेका छन् ।

यस्तै सोमबार राती नै भारतबाट भन्सार छलेर को६प ३००३ नम्बरको मोटरसाइकलमा नेपालतर्फ ल्याउँदै गरेको ४० हजार ५ सय मुल्य बराबरको टेन्ट र पण्डालका कपडाहरु बरामद गरिएको प्रहरीले जनाएको छ ।

उक्त मोटरसाइकलमा सवार व्यक्ति भने प्रहरी देख्नासाथ मोटरसाइकल छाडेर भागेको प्रहरीको भनाई छ । बरामद सामान, मोटरसाइकल र एक जना तस्करलाई आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# समस्या देखिएपछि जहाज फिर्ता

काठमाडौँ, ९ फागुन (रासस) ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विराटनगरका लागि मंगलबार उड्न लागेको सौर्य एयरलाइन्सको जहाजमा समस्या देखिएपछि पार्किङ-वेमै फिर्ता भएको छ । विराटनगर उड्न धावनमार्ग नजिकै पुगेको उक्त जहाजको इन्डिकेटरले समस्या देखाएपछि फिर्ता भएको बताइएको छ ।

यात्रु बोर्डिङ पूरा गरी धावनमार्ग नजिकै पुगेको एसएयू ७२१ उडान नम्बरको जहाजमा इन्डिकेटरले समस्या रहेको देखाएपछि उडान नगरी फिर्ता भएको विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले जानकारी दिनुभयो । उहाँका अनुसार जहाजमा के समस्या देखिएको हो भन्ने खुलेको छैन । जहाज अहिले पार्किङ-वेमै छ ।

जहाज कम्पनीका इञ्जिनीयरले उक्त जहाजमा भएको समस्याका विषयमा छानबिन गरी उडानका लागि योग्य भन्ने जानकारी गराएपछि मात्रै उडान अनुमति पाउने विमानस्थलले जनाएको छ ।

# चाँदीका गरगहनासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ फागुन ।**

सप्तरीको खडक नगरपालिका वडा न. ७स्थित कल्याणपुर बजारबाट भंसार छलेर चोरी पैठारी गरी ल्याइएका चाँदीका गरगहनासहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा झापाको शिवसतासी नगरपालिका ११ बस्ने ३१ वर्षिय कुमार तिरुवा बिश्वकर्मा छन् । प्रहरीले विश्वकर्मालाई ९८ हजार १ सय ५० रुँपैया मुल्य बराबरको चादीका गरगनाहरुसहित पक्राउ गरेको हो ।

बरामद गरिएका चादीका गरगहनाहरुमा पथर बिनाको बाला थान १६ थान, ब्रासलेट ३ थान र चादीका टुक्राहरु गरी जम्मा ७५ तोला ८ आना रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका विश्कर्मालाई प्रहरीले गरगहनासहित आवश्यक कारवाहीका लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको छ ।


**डा. कालीप्रसाद यादव**
**MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203**
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
**MBBS, MD (BPKIHS) NMC NO. 19992**
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

**समयमै कर तिरौं**
➤ आफूले तिर्नुपर्ने कर समयमै तिरौं।
➤ राज्य सञ्चालनमा सहयोग गरौं।
➤ नागरिक कर्तव्य पूरा गरौं।
**जनताबाट उठाइएको करः**
➤ सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
➤ सार्वजनिक सेवा सञ्चालन,
➤ सामाजिक सुरक्षा प्रदान,
➤ बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*